# मरिण राजपत्र

मरिण गाउँ कार्यपालिकाद्वारा प्रकाशित

**खण्डा ७ मरिण, पौष ०९ गते, २०८१ साल संख्या ७**

## भाग २

## “मरिण गाउँपालिकाको पूर्व जनमुक्ति सेनाहरुलाई निःशुल्क स्वास्थ्य बीमा गर्ने कार्यविधि २०८१”

**प्रस्तावनाः**

सङ्घीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिको निम्ति सशस्त्र संघर्ष लगायत सकारात्मक परिवर्तनका खातिर सबै किसिमका आन्दोलनहरुमा योगदान दिएका पूर्व सशस्त्र संघर्षका सेनाहरु, तत्कालिन माओवादी जनमुक्ति सेनाहरु, घाईते एवं अपाङ्गहरुको उच्च सम्मान गर्दै निजहरुलाई स्वस्थ र सहज जीवन व्यतित गर्नका लागि स्वास्थ्य बीमा गरिदिने उदेश्यका साथ "स्थानीय सरकार सञ्चालन ऐन २०७४, को दफा १०२ को अधिकार प्रयोग गरि मरिण गाउँपालिका स्थानीय सरकारले यो कार्यविधि जारी गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

१.१ यो कार्यविधिको नाम मरिण गाउँपालिकाको "मरिण गाउँपालिकाको पूर्व जनमुक्ति सेनाहरुलाई निःशुल्क स्वास्थ्य बीमा गर्ने कार्यविधि २०८१" रहेको छ ।

१.२ यो कार्यविधि कार्यपालिकाले स्विकृत गरेको मितिबाट प्रारम्भ हुने छ ।

**२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा**

२.१ "प्रमुख" भन्नाले मरिण गाउँपालिकाको प्रमुख सम्झनु पर्दछ ।

२.२ "उप –प्रमुख" भन्नाले मरिण गाउँपालिकाको उप– प्रमुख सम्झनु पर्दछ ।

२.३ "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले मरिण गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

२.४ "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ सम्झनु पर्दछ ।

२.५ "कार्यविधि" भन्नाले मरिण गाउँपालिकाको "मरिण गाउँपालिकाको पूर्व जनमुक्ति सेनाहरुलाई निःशुल्क स्वास्थ्य बीमा गर्ने कार्यविधि २०८१" सम्झनु पर्दछ ।

२.६ "समिति" भन्नाले दफा ६ बमोजिम गठित समितिलाई सम्झनु पर्दछ ।

२.७ "स्वास्थ्य बीमा" भन्नाले नेपाल सरकारले जारी गरेको "स्वास्थ्य बीमा ऐन २०७४" बमोजिम भएका व्यबस्थालाई सम्झनु पर्दछ ।

**३. कार्यविधि लागु हुने क्षेत्र र सेवाः**

३.१. यो कार्यविधि मरिण गाउँपालिका क्षेत्र भित्र स्थायी बसोबास गरेका निम्न नेपाली नागरिकहरुका लागि लागु हुनेछ ।

३.१.१. नेपालमा बिगतमा चलेको माओवादी सशस्त्र संघर्षका समयमा घाईते एवं अपाङ्ग भएका नागरिकहरु, शान्ति सम्झौता पश्चात तत्कालिन सशस्त्र संघर्षका जनमुक्ति सेनाहरुलाई राखिएको क्यान्टोनमेन्टमा बसेर अनमिनद्धारा छानविन हुँदा अयोग्य भएका एवं स्वैच्छिक अवकाश लिई सामान्य जीवन बिताईरहेका व्यक्ति एवं एकाघर परिवारका सदस्यहरुलाई यो किसिमको निशुल्क स्वास्थ्य बीमा गरिनेछ ।

३.२ यस गाउँपालिका भित्र स्थायी वसोबास गरि आएको भन्ने खुल्ने नेपाली नगरिकताको प्रमाण पत्रमा उल्लेखित ठेगाना वा बसाई सरी आएको दर्ता प्रमाण पत्र वा सम्बन्धित वडा कार्यालयको सिफारीस र लक्षित समुहमा परेको परिचयपत्र वा सो नभए वडाको सिफारिसलाई आधार मानिनेछ ।

३.३ दफा ६ मा व्यबस्था भएको समितिले छनौट गरेको नागरिक वा परिवारलाई बीमा बापत १ बर्षको लागि लाग्ने प्रिमियमको सम्पुर्ण रकम गाउँपालिकाले व्यहोर्नेछ ।

३.४ विशेष परिस्थिति आएमा छनौट समितिको निर्णयलाई आधार मानिनेछ ।

**४. वीमित छनौट प्रकृयाः**

४.१ तोकिएको लक्षित नागरिकहरुलाई गाउँपालिका मार्फत निःशुल्क बीमा गर्न चाहनेहरुको लागि निवेदन पेश गर्न सूचना प्रकाशित गरिने छ ।

४.२ प्रकाशित सूचना अनुसार बीमामा समावेश हुन ईच्छुक व्यक्ति तथा परिवारहरुको अनुसूची १ बमोजिमको ढाँचामा अनुसुची २ (वडा कार्यालयको सिफारीस) सहित वडा वा गाउँपालिका समक्ष निवेदन पेश गर्नु पर्दछ । निवेदनको साथ नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि समेत अनिवार्य संलग्न गर्नु पर्नेछ

४.३ प्राप्त निवेदनहरु मध्ये अति विपन्नताको आधारमा छनौट गरिने छ ।

४.४ विमितको पहिचान छनौट समितिले गर्नेछ ।

**५. बीमाको समयावधिः**

५.१ बीमाको समयावधि १ वर्षको हनेछ ।

५.२ एक वर्ष बीमा भई सकेको परिवारको अर्को वर्ष पुनः बीमा गर्नु परेमा छनौट समितिले निर्णय गर्नु पर्नेछ।

**६. बीमित छनौट सम्बन्धि व्यबस्थाः**

६.१ बीमितहरुको छनौट गर्नको लागि यस "मरिण गाउँपालिकाको निःशुल्क स्वास्थ्य विमा सम्बन्धी कार्यविधि २०७८, (संशोधन सहित) को दफा ६ मा भएको ब्यबस्था अनुसार नै सोही समितिले छनौट गर्नेछ

**७ विविधः**

७.१ दफा ६ बमोजिम छनौट भएका व्यक्तिहरुको स्वास्थ्य बीमा ऐन अनुसार स्वीकृत स्वास्थ्य संस्थाहरुमा बीमा गरिने र बीमा वापत सम्बन्धित व्यक्तिले तिर्नु पर्ने रकमका हकमा सम्बन्धित बीमा बोर्ड विच सम्झौता गरी गाउँपालिकाबाट सम्बन्धित बीमा बोर्ड वा तोकिएको स्वास्थ्य बिमा एजेन्ट लाई भुक्तानी दिईनेछ ।

७.२ छनौट समिति सदस्यलाई प्रति वैठक रु.१०००।–(एक हजार) प्रतिव्यक्ति भत्ता उपलब्ध गराईनेछ ।

७.३ यस कार्यविधि कार्यान्वयनको क्रममा थप व्यबस्था गर्न परेमा यस कार्यविधि तथा प्रचलित कानुनसँग नबाझिने गरी गाउँपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ ।

अनुसूची (१)

**निवेदनको ढाँचा**

**मितिः**

**श्रीमान संयोजकज्यू,**

**मरिण गाउँपालिका स्वास्थ्य बीमा संयोजन समिति,**

**मरिण गाउँपालिका कपिलाकोट, सिन्धुली ।**

**विषयः-** निःशुल्क स्वास्थ्य बीमा गरिदिन हुन ।

प्रस्तुत विषयमा यस गाउँपालिकाबाट आ.व.,............ मा तोकिएका लक्षित नागरिकहरुका लागि निःशुल्क स्वास्थ्य बीमा गर्ने कार्यक्रम रहेको हुँदा उक्त लक्षित बीमामा म/मेरो परिवार समेत पर्ने भएकोले निशुल्क बीमामा समावेश गरि दिन हुन अनुरोध छ ।

<u>तपसिल</u>

**सिफारिस भई आएका एकाघर परिवारका ब्यक्तिहरुको विवरणः-**

| क्र.सं. | नाम थर | मुख्य ब्यक्ति सँगकोनाता | उमेर | लिङ्ग | सम्पर्क नं | कै. |
|---|---|---|---|---|---|---|
| | | | | | | मुख्य ब्यक्ति |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**समूह/बर्ग**

**(क)** सशस्त्र संघर्षका घाईते, अपाङ्ग **(ख)** स्वैच्छिक अवकास लिएका **(ग)** अयोग्य पुर्व जनमुक्ति सेना वा लडाकु

**निवेदनका साथ आवश्यक कागजातहरुः**

(१) मरिण गाउँपालिकाको वासिन्दा खुल्ने नेपाली नागरिकता/राष्ट्रिय परिचय पत्र वा महिला भए मरिण गाउँपालिकाको स्थायी वासि पुरुष सँग विवाह भएको खुल्ने विवाह दर्ता प्रमाणपत्रको फोटोकपी ।

(२) आफू प्रभावित वा संलग्न समूह खुल्ने कागजात ।

(३) वडाको सिफारिस पत्र अनुसुची (२) ।

**निवेदकको**

नाम,थरः                                                    दस्तखतः

ठेगानाः

अनुसूची (२)

**श्री संयोजकज्यू,** **मिति**

**निःशुल्क स्वास्थ्य बीमा छनौट समिति,**

**मरिण गाउँपालिका, कपिलाकोट सिन्धुली ।**

**विषयः-** निःशुल्क स्वास्थ्य बीमाको लागि ब्यक्ति/परिवारको नाम सिफारिस गरिएको सम्बन्धमा ।

प्रस्तुत विषयको सम्बन्धमा देहायको ब्यक्ति/परिवार यस वडाको स्थायी बासिन्दा भएको र "पुर्व सशस्त्र संघर्षका सेनालाई निःशुल्क स्वास्थ्य बीमा गर्ने कार्यविधि २०८१" मा तोकिए बमोजिमको उपयुक्त ब्यक्ति/परिवार देखिएकोले निःशुल्क स्वास्थ्य बीमाको लागि सिफारिस गरिएको व्यहोरा अनुरोध छ ।

**सिफारिस गरिएको एकाघर परिवारका ब्यक्तिहरुको विवरणः-**

| क्र.सं. | नाम थर | मुख्य ब्यक्ति सँगको नाता | उमेर | लिङ्ग | सम्पर्क नं. | कै. |
|---|---|---|---|---|---|---|
| | | | | | | मुख्य ब्यक्ति |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**सिफारिस गरिएको समूह/बर्ग**

**(क)** सशस्त्र संघर्षका घाईते, अपाङ्ग **(ख)** स्वैच्छिक अवकास लिएका **(ग)** अयोग्य पुर्व जनमुक्ति सेना वा लडाकु

**सिफारिस गर्ने**

वडाध्यक्ष

**नोटः-** गाउँपालिकामा निवेदन पेश गर्दा यस सिफारिसका साथ मरिण गाउँपालिकाको वासिन्दा खुल्ने नेपाली नागरिकता/राष्ट्रिय परिचय पत्र वा महिला भए मरिण गाउँपालिकाको स्थायी वासि पुरुष सँग विवाह भएको खुल्ने विवाह दर्ता प्रमाणपत्रको फोटोकपी र लक्षित बर्ग खुल्ने कागजात अनिवार्य समावेश गर्नु पर्नेछ ।

आज्ञाले

विकास सुन्दास

प्रमुख प्रशासकीय अधिकृत